## गाउँपालिका अध्यक्ष श्री धावा सम्डुक गुरुङज्यूबाट शे-फोक्सुण्डो गाउँपालिकाको १३ औं गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को

# वार्षिक नीति तथा कार्यक्रम

### शे-फोक्सुण्डो गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

### साल्दाङ डोल्पा

### २०८० साल

**गाउँसभाका उपाध्यक्षज्यू**

**गाउँपालिका संस्थापक अध्यक्षज्यू**

**गाउँ सभाका सदस्यज्यूहरु**

**राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, सुरक्षाकर्मी तथा विभिन्न पेशा व्यवसायकर्मीहरु**

**गाउँपालिकाका सम्पूर्ण, आमाबुबा दाजुभाई तथा दिदी बहिनीहरु**

**लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरुमा म र गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।**

यस गरिमामय गाउँ सभामा पर्याप्त पर्यटकीय सम्भावनाले सजिएको यस शे-फोक्सुण्डो गाउँपालिकाको १३ औं गाउँसभा वा दोस्रो स्थानीय तहको आवधिक निर्वाचन पछिको तेस्रो गाउँ सभामा म गाउँपालिकाको अध्यक्षको तर्फबाट आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम सगौरबका साथ प्रस्तुत गर्न पाउँदा म निकै हर्षित भएको छु ।

सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतान्त्रात्मक व्यवस्था ल्याउनका लागि विभिन्न कालखण्ड र विभिन्न प्रकारका जनयुद्ध जनआनदोलनमा आफ्नो जीवन उत्सर्ग एवं बलिदानी दिने सम्पूर्ण शहिदहरुप्रति हार्दिक भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । त्यस्तै गणतान्त्रिक व्यवस्था बदल्नका खातिर अङगभङग भएका, वेपत्ता भएका, घाइते भएका सम्पुर्णलाई श्रद्धा सम्मान प्रकट गर्दछु । यस गाउँसभाका स्व.सदस्य श्री छिरिङ आङ्ग्याल गुरुङज्यूलाई यो सम्मानित सभामा स्मरण गर्दै उहाँ प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु ।

सुन्दर, समुन्नत, सुशासनयुक्त र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत **पर्यटन, जलस्रोत, पशुपालन र जडिबुटी शे–फोक्सुण्डोको आधार–दिर्घकालीन दृष्टिकोण, मानव विकास, गुणस्तरीय पूर्वाधार, गरिवी निवारण र रोजगार** भन्ने गाउँपालिकाले अङ्गीकार गरेको मुख्य परिकल्पनालाई पुरा गर्न गाउँपालिका सदैब कट्टिबद्धका साथै दृढ सङकल्पित छ र रहनेछ ।

गाउँपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध पर्यटन प्रवर्द्धन विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ ।

तसर्थ गाउँपालिकाको आगामी आर्थिक वर्षको वार्षिक नीति र कार्यक्रम प्रस्तुत गर्नुभन्दा अगाडि पालिकाको समग्र अवस्था अवसर र अवरोधहरुका बारेमा संक्षिप्त प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक)**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुर्नउत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सिर्जना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रवाहमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्

१. संविधानत:अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति, कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. फोक्सुण्डो ताल, शे गुम्बा, साम्लिङ बोन गुम्बा लगायत अन्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय गन्तव्यहरु हुनु ।
६. हिउँ चितुवाको उच्च घनत्व सहितको जैविक विविधता हुनु ।
७. गाउँपालिकाको समग्र क्षेत्रको विकासका लागि विभिन्न दातृ निकायहरुको लागत साझेदारी रहनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु।
३. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु।
४. सिपयुक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
५. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु।
६. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारिक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
७. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु।

**सभा सदस्यज्यूहरु**

अब म वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

- ☐ नेपालको संविधान
- ☐ स्थानीय सरकार संचालन ऐन, २०७४
- ☐ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- ☐ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- ☐ कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/०७७–२०८०/०८१)
- ☐ संघीय सरकार, प्रदेश सरकार स्थानीय सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,
- ☐ स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- ☐ संघीय, प्रादेशिक र पालिकाको आवधिक विकास योजना
- ☐ स्थानीय तहको मध्यमकालिन खर्च संरचना,
- ☐ उपलब्ध स्रोत साधन
- ☐ विकासका अन्तरसम्बन्धित बिषयहरु
- ☐ नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु
- ☐ कर्णाली प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८०
- ☐ सङ्घीय सरकारको पन्ध्रौं योजना
- ☐ दिगो विकास लक्ष्य २०३० को मार्गचित्र
- ☐ मध्यमकालीन खर्च योजना
- ☐ गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान

**सभा सदस्यज्यूहरु**

अब म आर्थिक वर्ष २०८०/८१ बो नीति तथा कार्यक्रमका उद्धेश्यहरु उल्लेख गर्न अनुमति चाहन्छु ।

**नीतिका उद्धेश्यहरु**

१. गाउँपालिकाको पर्यटकीय पूर्वाधारको विकास गर्ने ।
२. उत्पादनशील र व्यावसायिक कृषि प्रणालीको विकास गर्ने ।
३. समतामूलक र सन्तुलित पूर्वाधार निर्माण गर्ने ।
४. सामाजिक समावेशीकरण, लैङ्गिक समविकास र सहभागितामूलक विकासका माध्यमबाट समतामुलक समाज निर्माण गर्ने ।
५. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने ।
६. नागरिकहरुलाई गाउँपालिकाका सेवा सुविधा सहज, शिघ्र उपलव्ध गराई जवाफदेही सार्वजनिक सेवाको प्रत्याभूति गर्ने ।
७. भाषा, धर्म, संस्कृति र परम्पराको संरक्षण सुरक्षा र सम्वर्द्धन गर्ने ।
८. सदाचार एवं सुशासनयुक्त समाज निर्माण गर्ने ।

**सम्मानित गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस गरिमामय गाउँसभा समक्ष शे-फोक्सुण्डो गाउँपालिकाले आ व २०८०।०८१ को लागि अवलम्बन गरिने समष्टिगत

नीति तथा कार्यक्रम पेश गर्न अनुमति चाहन्छु ।

**मूलभूत नीति तथा कार्यक्रमः**

१ स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानूनहरु तर्जुमा भैसकेको र ती कानूनहरु समयानुसार परिमार्जित गर्दै बाँकी कानूनहरु तर्जुमा गरी कानूनहरु सम्मानती गाउँसभाबाट पारित गराइ आम नागरिकलाइ गाउँ सरकारको उपस्थितिको आभाष गराईनेछ ।

२ रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्धि एवं विकासको दूरदृष्टि तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको प्रोफाइल, मध्यमकालिन खर्च संरचना र गाउँपालिकाको आवधिक योजनाको अनुसार योजना सञ्चालन गरिनेछ ।

३ समृद्ध गाउँपालिका निर्माणका लागी सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाईनेछ । गाउँपालिका भित्र १ वडा एक सहकारी तथा महिला सहकारी संस्था गठन गरी आय व्ययका क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

४. बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य, आम जनसमुदायको चाहना, अपेक्षा एवं आवश्यकतालाई दृष्टिगत गरी कार्यक्रम तय गरिनेछ ।

५. पशुपालन व्यवसायलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । पशुपालन

व्यवसायलाई आर्थिक उत्पादकत्वसँग आवद्ध गरी गुणस्तरीय उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।

६. विकासका कार्यहरुलाइ परिणाममुखी बनाउन नतिजामा अधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ।

७. जडिबटुीको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाइ हृदयङ्गम गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ।

८. गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वधारहरुलाई गणुस्तर र प्रभावकारी बनाउन प्राविधिक रुपमा पुर्व सम्भाव्यता अध्ययन नीति अवलम्बन गर्दै आएकोमा यसलाई निरन्तरता दिईनेछ।

९. गाउँपालिकामा रहेका प्राकृतिक श्रोत, जडीबटुी, लोपोन्मुख वन्यजन्तु लगायतको संरक्षण सम्वर्द्धन उपयोग गर्न आवश्यक योजना तयार गरी सम्बन्धित निकायहरुसँग समन्वय गरी अगाडी बढाइनेछ।

१०. सामाजिक सुरक्षा कार्यक्रम तर्फ बाल अनुदान, असहाय विधुवा महिला, अपाङ्गता, ज्येष्ठ नागरिकहरुको भत्ता वितरण कार्यमा उपयोग गरिएको बैङ्किङ प्रणालीलाई निरन्तरता दिइनेछ।

११. गाउँपालिकालाइ वातावरणमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिक हिंसामुक्त बनाईने नीति अवलम्बन गरिनेछ।

१२. गाउँपालिका भित्र संचालित योजना तथा कार्यक्रमहरुको संयक्तु अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनलाई अझ प्रभावकारी रुपमा लागू गरिनेछ।

१३. सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुनुवाइका लागी गाउँपालिका तथा अन्तरगतका सम्पुर्ण सरकारी कार्यालयहरुमा उजुरी पेटीकाको व्यवस्था गरिनेछ।

१४. पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्य निष्ठताका साथ सेवा प्रवाहलाइ सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार मुक्त बनाइनेछ। साथै गाउँ पालिकाको आन्तरिक नियन्त्र प्रणालीलाइ सक्रियताका साथ कार्यान्वयन गरिनेछ।

१५. प्रशासनिक काम कारबाहीलाई सरल, चुस्त, प्रभावकारी बनाउन निर्णय गर्ने तहलाइ घटाइनेछ। लामो र झन्झटिलो निर्णय प्रकृयालाइ घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली (One Door System) अपनाइनेछ।

१६. गाउँपालिकाको दिर्घकालिन विकासको मार्ग चित्र स्पस्ट गर्दै वार्षिक योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकाको आवधिक योजना (Rural Municipality Periodic Plan) तयार गरिएको मध्यमकालीन खर्चलाई सिघ्र कार्यान्वयनमा ल्याइने छ ।

१७. सरकारी, गैह्रसरकारी तथा अन्य सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी कार्यक्रममा दोहोरोपना नहुने गरी गाउँ सभा वा गाउँकार्यपालिकाबाट कार्यक्रम स्विकृत गरी सन्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१८. यस गाउँपालिका भित्र छरिएर रहेका साना, ठूला व्यवसायी, सहकारी, संघ संस्था, विभिन्न कृषि समूह महिला समहु, आमा समूह, क्लबहरुलाइ सूचीकृत गरी आवश्यक अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न आवश्यक व्यवस्था मिलाइने छ।

१९. शे–फोक्सुण्डो गाउँपालिका क्षेत्रमा रहेका निरक्षर व्यक्तिहरुको तथ्याङ्क संकलन गरी निरक्षरता उन्मुलनका लागि साक्षारता कक्षा कार्यक्रम सन्चालन गरिनेछ।

२०. गाउँपालिकाका सबै घरपरिवारमा आधारभुत स्तरको खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउन एक घर एक धाराको नीतिलाई क्रमशः अवलम्वन गरिनेछ।

२१. फोक्सुण्डो, साल्दाङ र भिजेरमा क्रमशः उच्च माध्यमिक विद्यालय र माध्यमिक विद्यालय तहको पठनपाठन हुने गरी आवासीय विद्यालय सन्चालनका लागी आवश्यक पहल गरिनेछ साथै स्थानीय भाषाको पाठ्यक्र निर्माण गरी कम्तिमा कक्ष ३ सम्म स्थानीय भाषामा पठनपाठनको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।

गाउँसभा सदस्यज्यूहरु,

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु**

**क. शिक्षा तर्फ**

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूवात गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

४. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

७. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिने छ।

८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

९. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ ।

१०. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

११. गाउँपालिका क्षेत्र भित्रका गुम्बा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।

१२. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग हुनेगरी सबै सामुदायिक विद्यालयहरुमा सञ्चालनमा रहेको शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लाई थप प्रभावकारी र प्रयोगमैत्री बनाउनका लागि सिप र दक्षता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

१३. सङ्घ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा पूर्ण साक्षर पालिका घोषणा गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

**ख) भाषा, कला साहित्य र संस्कृति प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला चित्रकला जस्ता ,मूर्तिकला ,symbol हरु निर्माण गरिनेछ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषासंगित ,कला साहित्य , लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

४. **हाम्रो भाषा हाम्रो अनुपम सामाजिक संस्कार-हामी सबैको सरोकार** भन्ने भावनालाई आत्मसाथ गरी भाषा कला र संस्कृतिको जगेर्ना गर्न सबैलाई जिम्मेवार र जागरुक बनाउँने नीति लिइनेछ।

५. गाउँपालिका भित्र रहेका प्राकृतिक धार्मिक सांस्कृतिक र पुरातात्विक मूर्त र अमूर्त सम्पदाहरुको अभिलेखीकरण गरी क्रमशः संरक्षण सुरक्षा सम्वर्द्धन र सौन्दर्यकरण गर्दै लगिनेछ।

६. पालिकाको पहिचान भाषा धर्म संस्कृति र सम्बन्ध झल्किने संङग्रालय स्थापनाको लागि रिम्मो गाउँमा गाउँपालिकाको सम्पूर्ण भाषा वेषभूषा कला संस्कृति झल्किने गरी संग्रालय स्थापना गरी उचित प्रचार प्रसार गरिनेछ।

**ग) युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।
३. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।
४. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
५. "एक वडा, एक व्यायामशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।
६. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।
७. गाउँपालिका अन्तर्गत विगत देखि सञ्चालनमा रहेको **शिक्षा तथा खेलकुद विकास कार्यक्रम**लाई निरन्तरता दिइनेछ।

## घ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिलाआदिवासी जनजा ,अति गरिब ,भूमिहिन ,अल्पसंख्यक ,बालबालिका ,ति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागीका साथै सघन परिचालन गरिनेछ।
४. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।
५. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान अभियान संचालन गरी "सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
६. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण  गर्ने व्यवस्था मिलाइनेछ।
७. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा गठन र परिचालन गरिनेछ।

१०. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

११. गाउँपालिका बालमैत्री घोषणा कार्यलाई सम्पन्न गर्न सबै वडाहरुलाई आ.व . २०८०८१/ भित्र बालमैत्री वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

१२. बालबालिकाको हक अधिकार सुनिश्चित गर्न र बालबालिका संरक्षण कार्यका लागि बाल अधिकार संरक्षण समिति, बाल क्लब गठन, बाल सञ्जाल गठन जस्ता संरचनात्मक व्यवस्था गरी परिचालन र प्रतिस्पर्धी बनाइनेछ।

१३. फरक क्षमता भएका व्यक्तिहरुको वस्तुनिष्ठ वर्गीकरण गरी अपाङ्गता परिचयपत्रलाई समयमा नै उपलव्ध गराइनेछ।

१४. गाउँपालिका भित्र लैङ्गिक समानता सामाजिक समावेशिकरण र समतामूलक समाज निर्माणका लागि लैङ्गीक उत्तरदायी बजेट परीक्षण कार्यविधि तर्जुमाका साथै ठोस कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१५. महिला तथा समाजमा हुने सबै प्रकारका हिंसा, अपमान, असमानता एवं सामाजिक विभेदहरुको रोकथामका लागि लैससास नीतिले तोके अनुसारका गतिविधिहरुलाई कार्यान्वयनमा ल्याइनेछ।

१६. मानवअधिकार विरुद्धका हुने सबै प्रकारका सामाजिक हानिकारक प्रथा परम्परालाई निर्मुल पार्न सबै सरोकारवालाहरुको सहभागितामा एकीकृत र समन्यात्मक तरिकाले सचेतनामूलक गतिविधिहरुलाई कार्यन्वयनमा ल्याइनेछ।

१७. नेपालको संविधानले बाल विवाहलाई अपराधको रुपमा परिभाषित गरेकोले दिगो विकास लक्ष्य र नेपालले सन् २०३० सम्म नेपाललाई बाल विवाहमुक्त मुलुकको रुपमा घोषणा गर्ने परिकल्पना गरी नेपालले समेत उक्त लक्ष्यलाई पुरा गर्न अनिवार्य भएकोले आर्थिक वर्ष २०८०/०८१ मा बाल विवाह रोकथामका लागि आवधिक रणनीतिक योजना तर्जुमा गरी सरकारी, सहकारी र संस्था मार्फत विभिन्न सामाजिक सचेतनामूलक गतिविधिहरु अभियानको रुपमा संञ्चालन गरी सबै तहका सरकार र सरोकारवालाहरुको समन्वय र सहकार्यमा बाल विवाहमुक्त पालिका घोषणा गरिनेछ।

१८. गाउँपालिकालाई क्रमशः बालमैत्री बनाउँदै लगिनेछ। वडाहुँदै पालिकालाई पनि बालमैत्री पालिका घोषणा गरिनेछ र सोको लागि विभिन्न संघसंस्थाहरुसँगको सहकार्य, समन्वय र साझेदारीलाई जोड दिइनेछ।

१९. जोखिममा परेका बालबालिका र महिलाहरुको उचित संरक्षण, सुविधा र सहयोगका लागि बालसंरक्षण कोष, महिला संरक्षण कोषका साथै बालकल्याण अधिकारी गाउँ र वडास्तरको बालकल्याण समिति गठन गर्ने जस्ता बालबालिका सम्बन्धी ऐन २०७५ ले निर्दिष्ट गरेकोले उक्त प्रावधानलाई पनि पालिकामा पूर्णत अभ्यासमा ल्याउनेछ।

२०. बालबालिका किशोर किशोरीहरुको शिक्षा, स्वास्थ्य र सामाजिक संरक्षण सेवामा पहुँच बढाउनका लागि विभिन्न रणनीतिक योजना बनाई प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ।

२१. ज्येष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री, बालबालिकामैत्री, किशोर किशोरमैत्री समाज र संस्कृतिको विकासका लागि आवश्यक पूर्वाधार, सामाजिक सुरक्षा, उनीहरुको ज्ञान, सिप र अनुभवहरुको आदानप्रदान र उपयोग गरिनेछ।

२२. बालिका तथा छोरीहरुको सुरक्षा र सम्मानका लागि कर्णाली प्रदेश सरकारबाट सञ्चालनमा रहेको **बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रमलाई** थप गुणात्मक र नतिजामुखी बनाइनेछ।

२३. दलित समुदायहरुको थप सशक्तीकरणका लागि संस्थागत क्षमता र आयआर्जनका गतिविधिहरु सञ्चालन गरी संविधानप्रदत्त हक अधिकारको सुनिश्चत गरिनेछ।

२४. दलित समुदायका बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने नैसर्गिक हकलाई सुनिश्चित गर्न आवश्यकताको आधारमा विशेष सहयोग र सहुलियतका कार्यक्रमहरु संचालन गरिनेछ।

**ङ) स्वास्थ्य तर्फ**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा सञ्चालन गर्न अस्पताल ,प्राथमिक स्वास्थ्यकेन्द्र ,आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ। ,

२. नागरिकहरुलाई मृगौलाउच्च रक्तचा ,मुटु ,पमधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको , प्रबन्ध मिलाइने छ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

५. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन लैजान सेवाको प्रबन्ध गरिनेछ-।

६. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षणखे ,ती प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।

७. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

८. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

९. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

१०. सीमान्तकृत ,गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

११. स्वास्थ्य चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१२. गाउँपालिकामा निकै प्रचलनमा रहेको आम्ची चिकित्सा पद्धतिलाई थप व्यवस्थित गर्नका लागि विभिन्न सहयोग र सहकार्य गरिनेछ।

१३. स्वास्थ्य सेवा व्यवस्थापन समितिको भूमिकालाई थप प्रभावकारी र परिणाममुखी बनाउन समितिको संस्थागत क्षमता विकास गरिनेछ।

१४. आम्ची उपचार पद्धतिलाई थप व्यापक र विस्तार गरी स्वास्थ्य सेवालाई थप विश्वसनीय र व्यवस्थित बनाउनका लागि निश्चित अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ।

१५. विपन्न नागरिकहरुलाई गाउँपालिकाबाट स्वास्थ्य विमा गर्ने व्यवस्था मिलाइनेछ। असक्त, दिर्घरोगी र सुत्केरी महिलालाई घरमै स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ।

१६. विभिन्न स्वास्थ्य संस्थाहरुमा गैरसरकारी संघसंस्थाहरुसँग विगतदेखि निररन्तर सहयोग र सहकार्य भइरहेको हुनाले आगामी दिनमा विभिन्न निकायहरुसँगको समन्वय, सहकार्य र सहभागितामा स्वास्थ्य सेवालाई आधुनिक र भरपर्दो बनाइनेछ।

१७. गाउँपालिकामा हालसम्म फोक्सुण्डो स्वास्थ्य चौकीमा मात्र बर्थिङ सेन्टर रहेकोले आगामी वर्ष कम्तिमा साल्दाङ स्वास्थ्य चौकी र भिजेर स्वास्थ्य चौकीलाई थप स्तर उन्नति गरी बर्थिङ सेन्टरको रुपमा विकास गरी मातृ र नवजात शिशुको स्वास्थ्य जोखिम हटाउने नीति लिइनेछ।

१८. **उपचार र निदान भन्दा रोग लाग्न नदिनु उत्तम** उपाय भन्ने अवधारणलाई आत्मसाथ गर्दै स्वास्थ्य र सरसफाइका गतिविधिहरु समन्वयात्मक रुपमा सञ्चालन गर्ने नीति लिइनेछ।

१९. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चतका लागि स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाइनेछ। गाउँपालिकाका ९ वटाहरुमा आधारभूत स्वास्थ्य सेवाको पहुँच र प्रभावकारिताको नीति लिइनेछ।

२०. विभिन्न महामारी रोकथामका लागि विपद् पूर्व तयारी योजना निर्माण गरी न्यूनतम स्रोतसाधन सहितको संयन्त्र सहितको व्यवस्था तयार गरिनेछ।

२१. पालिकाबाट हुने स्वास्थ्य सामग्री खरिद प्रक्रियालाई योजनाबद्ध र पारदर्शी बनाइनेछ। यसबाट स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधीको कमी हुन नदिने प्रवन्ध मिलाइनेछ।

२२. ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन गरी निःशुल्क स्वास्थ्य परीक्षण उपचार परामर्श नर्सिङ सेवा जस्ता सुविधाहरुलाई निरन्तरता लिइनेछ।

२३. **म मेरो स्वास्थ्य र मेरो जिम्मेवारी** भन्ने विगत सभाले स्वीकृत नारालाई स्वास्थ्यको मुल नाराको रुपमा अंगिकार गर्दै गाउँपालिकाका सवै वडामा स्वास्थ्य विमा गर्न जनतालाई प्रोत्साहन गरिनेछ।

२४. आगामीआर्थिक वर्षभित्र गाउँपालिकामा ५ शैयाको अस्पतालको निर्माण कार्यको लागि ठेक्का आह्वान गर्नुपर्ने भएकोले २०८० साल साउन मसान्तभित्र तोकिएको मापदण्ड बमोजिमको जग्गाको व्यवस्थापन गरिनेछ।

२५. पालिकास्तरीय आकस्मिक प्रसुती प्रश्व उपचार कोष (Emergency Obstructive Care Fund-EOC Fund) स्थापना गरिनेछ।

**खानेपानी तथा सरसफाइ तर्फः**

१. स्वच्छ खानेपानीमा शे–फोक्सुण्डो बासीको पहुचँ अभिवृद्धि गरिनेछ। कम्तीमा प्रत्येक वडामा एउटा खानेपानी आयोजनाको संभाव्यताको अध्ययन गरी यथासम्भव खानेपानी आयोजना संचालनमा ल्याइनेछ। एक घर एक धारा नीति अवलम्वन गरिनेछ ।

२. खानेपानी सेवा पुग्न नसकेको घरधुरीलाई व्यवस्थित खानेपानी सेवा पुर्याउनको लागि शुरु चरणमा डि.पि.आर. तयार गरीने छ,

३. खानेपानीका पुराना आयोजनाहरुको मर्मत, पुनस्थापना, एवं नयाँ आयोजनाहरुको कार्यान्वयनमा जोड दिईनेछ।

४. खानेपानी आयोजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ताहरुलाई मर्मत सम्भार तलिम प्रदान गरिने छ।

५. खानेपानी समस्याको तत्कालिन गरी अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार , सुरक्षित खानेपानीको वितरणको ब्यवस्था मिलाइनेछ।

६. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरूजलाधार र सिमसार क्षेत्रहरुको संरक ,ृषण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

७. विभिन्न खोलानदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार , र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

८. पालिकाको खानेपानी तथा सरसफाइ योजना तयार भैसकेको हुनाले उक्त योजनाले निर्दिष्ट गरे अनुसारका आयोजनाहरु सञ्चालन र मर्मतसंभार एवं दिगो व्यवस्थापन कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

**२. आर्थिक विकास तर्फ**

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरणसम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ। यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ।

२.३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ। यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण गरिनेछ।

**क. उद्योग तथा पर्यटन तर्फ**

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघसँग साझेदारीको नीति लिइनेछ ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ ।

४. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

५. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ ।

६. गाउँपालिका र वाहिर अन्य गाउँपालिका/नगरपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा साविकका प्याकेजमा सुधार सहित नयाँ प्याकेजको निर्माण तथा कार्यान्वयन गरिनेछ ।

७. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ ।

८. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ ।

९. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न सूचना पाटी राखिनेछ ।

१०. अंख्या खोलामा यसै आ.व. मै गाउँपालिकाको सिमा प्रवेश द्वर निर्माण गरिनेछ ।

११. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशरहरुको वितरण गरिनेछ ।

१२. अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

१३. साड्टा देखि फोक्सुण्डो ताल, शे गुम्बा, भिजेर हुदै मुगु सिमानासम्मको पर्यटन पदमार्गलाई क्याराभान ठिन्ले पदमार्ग नामाकरण गरिनेछ ।

१४. हाल सुलिगाड नामले चिनिएको झरनालाई फोक्सुण्डो झरनाको रुपमा नामकरण गरिनेछ ।

१५. साल्दाङ नाम्दो सिङथुप्रा दानीगाड हुदै फोक्सुण्डो तालसम्मको सडक विस्तृत परियोजना प्रतिवेदन (Details Projects Report) र वातावरणीय प्रभाव मूल्याङ्कन कार्य सम्पन्न गरी गाउँपालिका केन्द्र, भेरीकरिडोर र मुस्ताङसम्म सडक सञ्जाल जोडने कार्यको गरिनेछ ।

१६. गाउँपालिका भित्रका रुचि राख्ने युवाहरुलाई ट्रेकिङ गाइड तथा पर्यटकीय प्रवर्द्धन सम्वन्धी तालिम दिइने विगतको नीतिलाई निरन्तरता दिइनेछ ।

१७. पर्यटन बसाई व्यवस्थापनको लागि छेप्का, रिग्मो, शे गुम्बा, साल्दाङ, भिजेर, फोतगाउँ, याङजेर गुम्बा र रापामा होमस्टेहरु सन्चालन गर्ने सञ्चालकहरुलाई प्रशिक्षण दिइने नीतिलाई निरन्तरता दिइनेछ।

१८. शे–फोक्सुण्डो गाउँपालिकालाइ पर्यटकीय केन्द्रका रुपमा विकास गर्न संघ तथा प्रदेश सरकारको सहयोग तथा साझेदारीमा सन् २०२४ मा आयोजना हुने ६७ औ १२ वर्षे शे मेला भव्य रुपमा सञ्चालन गरिनेछ।

१९. पर्यटन प्रवर्द्धन तथा विकासका लागि गुणस्तरीय पुर्वाधार निर्माणमा जोड दिइनेछ।

२०. स्थानीय उद्योगधन्दा, कलकारखाना, बालीनालीबाट उत्पादित वस्तुहरुको बजारीकरणको प्रवन्ध गरी स्थानीय रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ।

२१. लघु तथा स्थानीय उद्यमीसंगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार यन्त्र उपकरण प्रदान गरिनेछ।

२२. स्थानीय सीप श्रोत साधन एवं प्रविधिको प्रयोगलाई बढावा दिइ व्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम सञ्चालन गरिनेछ।

२३. स्थानीय वन पैदावार प्राकृतिक श्रोत साधन जडिवुटीमा आधारित उद्योगहरु स्थापना गर्न लगानीकर्ताहरुलाई उचित वातावरणको व्यवस्था गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी तर्फ**

१. **रैथाने बालीहरुको बिउ संरक्षण, खेती विस्तार र उपभोगका** लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।

२. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

३. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि सामग्रीहरुको खरिद एवं वितरण कार्यलाई** कार्यान्वयनमा ल्याउने।

४. तरकारी उत्पादनको लागि ब्यावसायिक करेसावारी खेतीका लागि तालिम र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ।

५. दिगो कृषि विकास, जैविक विविधता प्राकृतिक श्रोत तथा वातावरण संरक्षण विच संन्तुलन कायम राख्ने नीति लिइनेछ।

६. कृषक समुह, सहकारी, सरकारी तथा गैरसरकारी संस्था र स्थानीय तहहरुको साझेदारीमा कृषि कार्यक्रमहरुको सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ।

७. खाद्यान्न उत्पादनलाइ प्रोत्साहन गर्न, उच्च मुल्यका अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ। सोको

लागि फापर, आलु उत्पादन पकेट क्षेत्र निर्धारण गरी उत्पादकत्व बृद्धि गर्न व्यावसायिक किसानहरुलाइ प्रोत्साहन गरिनेछ।

८. जलवायु परिवर्तन, रोग प्रकोप एवं प्राकृतिक विपद् बाट कृषि क्षेत्र लगायत मानवीय जोखिमलाइ न्यूनीकरण गरिनेछ। पशु तथा वाली विमा विस्तारमा जोड दिइनेछ।

९. स्थानीय उत्पादनवृद्धि रोजगारी सिर्जना गरिवी न्यनूनकरण गर्न सहकारी क्षेत्रको प्रवद्धनमा जोड दिइनेछ। उद्देश्य र कार्यक्रम विश्लेषणका अधारमा सहकारी संस्थाहरुलाइ एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ।

१०. पशु तथा पशुजन्य जन्य उद्यम व्याबसायलाइ रोजगारीको मुख्य क्षेत्रको रुपमा विकास गरिनेछ।

११. कृषि तथा पशुजन्य उत्पादनको प्रशोधनमा उपलब्ध गराई सहुलियत र प्राविधिक सेवाको प्रवन्ध गर्न हरेक किसानलाइ स्थानीय तह मार्फत सचीूकरण गर्ने कार्यको थालनी गरिनेछ।

१२. वास्तविक कृषकलाइ सरल ढंगले उत्पादनमा अनुदान उपलब्धगराइने नीति लिइने छ।

१३. विरुवा, विउ, कृषिउपकरण लगायतका आधारभतू कृषि सामग्री समयमै उपलब्धता सुनिश्चित गरिनेछ।

१४. कृषि उत्पादन वृद्धि गर्न साना सिचाई कार्यक्रम सञ्चालन गरी सिंचित भुमिमा उत्पादनमुखी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१५. परम्परागत मौलिक बालीको विकासमा प्रोत्साहन र अर्गानिक कृषि उत्पादन र कृषि उपजको बजारीकरणमा सहयोग गरिने छ

१६. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि विकसित प्रविधिहरुको प्रचार प्रसार र प्राविधिक सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गाउँपालिका सबै सेवा केन्द्रमा विभिन्न स्तरका व्यावसायिक विषयमा तालिम सञ्चालन गरी कृषकलाई सक्षम गराइने छ।

१७. कृषिमा व्यावसायिकरण, विविधिकरण गरी उत्पादित वस्तुहरुको बजारीकरण र सामाजिक सम्मानको वातावरणको सिर्जना गरिने छ।

१८. व्यावसायिक कृषकहरुलाई उत्प्रेरित गर्न उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने कार्यमा जोड दिइने छ।

१९. पशुजन्य उत्पादनको गणुस्तर नियन्त्रण तथा नियमन गरी वजार व्यवस्थापनमा सहजीकरण गरिनेछ। गणुस्तरीय पशु सेवा विस्तार गरी पशु रोग विरुद्ध खोप कार्यक्रम अभियान सञ्चालनमा जोड दिईनेछ।

२०. व्यवसायिक पशु पालन चौरी, च्यांग्रा, भेडा पालन मार्फत रोजगार सिर्जना गरी युवाहरुलाई गाउँ भित्रै स्वरोजगार वनाउनका लागि प्रतिस्पर्धी अनुदान उपलब्ध गराई युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

२१. चौरीको छुर्पी (चिज) नेपालकै उत्कृष्ट भिजेरमा (४२०० मिटरमा) तयार हुने हुदा त्यसलाई थप उत्पादन बजारीकरण लगायत मार्किङ र ब्रान्डिङ गरी उत्पादक उद्योगलाई अनुदान तथा प्रोत्साहन गरिने विगतको नीतिलाई निरन्तरता दिइनेछ।

२२. कृषकहरुमा सीप हस्तान्तरण द्धारा आधुनिक पशु पालन पद्धतिको विकास गर्दै लैजाने कार्यमा जोड दिइने छ।

२३. पशुपालन क्षेत्रको विकासमा कृषक समुह, समिति, सहकारी, गैर सरकारी संस्था र गाउँपालिकाविच सहकार्य गरिने छ।

२४. व्यवसायिक पशुपालनलाई उत्प्रेरित गर्न विभिन्न तालिम तथा प्रोत्साहनलाई जोड दिइनेछ।

२५. प्रदेश सरकार र केन्द्र सरकारको साझेदारी, सहलगानीमा पशुपालनलाई उत्पादनमुलक, आर्थिक र रोजगारीमुलक सम्मानित पेशाको रुपमा विकसित गरिनेछ

२६. शे-फोक्सुण्डो गाउँपालिकालाई डोल्पाको उत्कृष्ट पशुपालन क्षेत्रको रुपमा पहिचान हुने गरी विकास गरिनेछ।

## ग. सहकारी तर्फ

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कार्यान्वयन गरिनेछ।

६. युवा स्वरोजगार तथा उधमशीलता विकासका लागि युवा उद्यमशीलता कार्यक्रम संचालन गरिनेछ।

## घ. सिंचाइ तर्फ

१. खेतीयोग्य जमीनमा सिंचाइ सुविधा पुर्याउन सिंचाई पोखरी निर्माण गरी सञ्चालनमा ल्याइनेछ साथै सिचाइ कुलोको सम्भावना नभएका सुख्खा जमीनमा लिफ्ट र हिउँ पोखरी सिंचाइ प्रविधिको लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ।

२. सशर्त बजेट मार्फत साना सिचाई आयोजनालाई आगामी वर्ष कार्यान्वयन गर्दै सिचाई प्रणालीको मर्मत सम्भार र नयाँ प्रविधिमा आधारित सिचाई आयोजनाको कार्यान्वयनमा जोड दिइने छ साथै मझौला र ठुला सिचाई योजनाको हकमा केन्द्र सरकार र प्रदेश सरकारमा समन्वय गरिने छ।

३. गाउँपालिकाको सबै खेतीयोग्य जमिन बाँझो नराख्नको लागि सिचाई सेवा विस्तारमा जोड दिइनेछ।

४. केन्द्र सरकार र प्रदेश सरकारबाट सञ्चालित सिचाई आयोजनाहरुलाई समयमै सम्पन्न गर्न, गुणस्तरीय बनाउन प्रभावकारी रुपमा समन्वय तथा अनुगमन गरिनेछ।

## ३. सूचना तथा संचार तर्फ

१. गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. स्थानीय टिभि च्यानेल वा नेपाल टेलिभिजनसँगको सहकार्यमा सञ्चालित "हाम्रो गाउँपालिका" टेलिभिजन प्रसारण लगायत अन्य पालिकाले सम्पादन गरेका असल अभ्यासहरु प्रकाशन र प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ।

३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

५. आगामी २ वर्षभित्र पालिकाको सबै वडाहरुमा प्रविधिमा आधारित अनलाइन सेवा स्थापना गरी विद्युतीय सरकारको अवधारणालाई जोड दिइनेछ।

६. गाउँपालिकालाइ संचार क्षेत्रसँग जोड्न तथा आम शे-फोक्सुण्डो बासीले सूचना संचारको भरपुर उपयोग गर्न सम्बन्धित निकायहरुसंग विशेष पहल गरिनेछ।

७. शे-फोक्सुण्डो गाउँपालिकालाई संचारको पहुचँमा वृद्धि गर्न सवै वडाहरुमा ईन्टरनेटको जडान गर्ने नीति अवलम्बन गरिनेछ।

८. गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुमा सूचना तथा सञ्चार सेवा तथा ईन्टरनेट सुविधा विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९. राष्ट्रियस्तरका रेडियो तथा टेलिभिजनबाट गाउँपालिकाको विकास पर्यटन लगायत क्षेत्रको प्रचार प्रसारका लागि  अन्तर सम्वाद, अन्तरक्रिया तथा सुचना, जानकारीमुलक कार्यक्रम प्रसारणमा जोड दिइनेछ

१०. डिजिटल गाउँपालिका निर्माणका लागि आवश्यक पूर्वाधार एवं कम्प्युटर प्रणालीमा आधारित अनलाइन र अफलाइन सेवा दिने व्यवस्था मिलाइनेछ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन तर्फ

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन एवं अद्यावधिक गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ सहज शिघ्र बनाउन कार्ययोजना तयार गरी लागु गरिनेछ।

६. पालिकाको बासिन्दाहरुको सहजताका लागि अति आवश्यक कानुनहरु स्थानीय मातृभाषामा अनुवाद गरी सेवा प्रवाह गरिनेछ।

**५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास ,तर्फ**

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछयौट गर्ने कार्य अगाडी बढाईनेछ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ।

८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई क्रमशःजोड दिईनेछ।

९. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ।

१०. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

११. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।
१२. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुख तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ ।
१३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति अवलम्बन गरिनेछ ।
१४. तेश्रो पक्ष सार्वजनिक सुनुवाई, सम्पन्न योजनाको सार्वजनिक परीक्षण र प्रभाव असर मुल्याङ्कन जस्ता गतिविधिबाट सुशासन प्रवर्द्धनमा जोड दिइनेछ ।
१५. गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा प्रत्येक तिन तीन महिनामा सार्वजनिक सनुवुाइ गरिनेछ ।
१६. गाउँपालिकाका गतिविधि सम्बन्धमा चौमासिक र वार्षिक बुलेटिन प्रकाशन गरिने छ ।
१७. बेरुजु रहित गाउँपालिका वनाउन आवश्यक पहल गरिनेछ । सोको लागि स्रोतसाधन सहितको बेरुजु फछर्यौट समिति गठन र परिचालन गरिनेछ ।
१८. समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
१९. वेरुजु असलुीलाइ कडाईका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका बनाइने छ ।
२०. वडा कार्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, मानव संशाधन, फर्निचर, मेनशनरी औजारहरुको व्यवस्था गरी नागरिकहरुलाइ सजिलै, घरदैलोमै सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
२१. गाउँपालिका तथा प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
२२. गाउँपालिकाबाट प्रवाह हुने सेवामा विधुतिय सचूना प्रविधिको अत्याधिक प्रयोग गदै सेवाप्रवाहलाइ सरल, छिटो र छरितो बनाईनेछ ।
२३. गाउँपालिका भित्र सञ्चालित योजना तथा कार्यक्रमको नियमित तोकिएको ढाँचा र सूचकहरुमा आधारित सहभागितामूलक अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।
२४. गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन हुने सम्पूर्ण आयोजनाहरुको बस्तु र र सेवा खरिदका लागि खरिद गुरुयोजना र वार्षिक खरिद खरिद योजना खरिद समितिबाट तयार गरी प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फ

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न, प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ।
४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ।
५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ।
६. भुकम्पीय जोखिम न्यूनीकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
७. विपद् जोखिम व्यवस्थापन कोष स्थापना गरी रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
८. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
९. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ।
१०. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।
११. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।
१२. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज विश्व वन्यजन्तु कोष तथा स्थानीय संरक्षण समितिहरुसँगको समन्वय र सहकार्यमा वन वन्यजन्तु र वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।
१३. गाउँपालिकाले निर्माण गरेको स्थानीय अनुकूलन कार्ययोजना (LAPA) अनुसारका कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गरिनेछ।
१४. विश्व रामसार सूचीमा सूचीकृत फोक्सुण्डो तालको दिगो संरक्षणका लागि रामसारको अन्तर्राष्ट्रिय मापदण्ड अनुसार तालको वरिपरि रहेको निजी जग्गा तथा भौतिक संरचनालाई अधिग्रहण गर्नुपर्ने भएकोले सोको लागि उचित मुअब्जा वितरण गर्न सम्बन्धित निकायमा समन्वय र सहकार्य एवं पहल गरिनेछ।

## ७. भौतिक पूर्वाधार विकास तर्फ

### शहरी योजना बस्ती विकास र आवास सम्बन्धी नीति र कार्यक्रम

१. आवधिक योजना, आवास योजना, र वस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिनेछ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ती विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ।

४. दिर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. आवासको हकलाइ सुनिश्चत गर्न एकिकृत वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

७. अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ।

८. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

९. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय, प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

११. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१२. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मतसम्भार कार्य सम्पन्न गरिनेछ।

१३. प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ।

१४. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ।

१५. स्थानीय प्रविधिहरुबाट बनेका माटोका गह्रा वा पर्खालहरुले बनेका संरचनाहरुको गुणस्तर परीक्षणका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ।

## सडक र झोलुङ्गे पुल तर्फ

१. ३० लाख भन्दा माथिका योजनामा सम्भाव्यता अध्ययन र ५० लाख भन्दा माथीका योजनामा डि.पि.आर. तयार गरेर मात्र काम गर्ने प्रकृयालाई अवलम्बन गरिनेछ।

२. सवै किसिमका योजनालाई दिगो र प्रभावकारी पुर्वाधार योजना निर्माण भन्ने नीतिका अधारमा कार्यक्रम सञ्चालन गरिनेछ।

३. उपभोक्ता समिति मार्फत ५० लाखसम्म अनुमानित लागत भएका योजनाहरु सञ्चालन गरिनेछ र सो भन्दा माथि निर्माण व्यायवसायी मार्फत मार्फत गरिनेछ। साथै उपभोक्ता समिति मार्फत काम गराउदा २० प्रतिशत लागत सहभागिता साझेदारीलाई अनिवार्य कार्यान्वयन गरिनेछ।

४. शे फोक्सुण्डो गाउँपालिका भित्र सञ्चालन हुने नेपाल सरकार, प्रदेश सरकाबाट स्वीकृत आयोजना तथा कार्यक्रम र गाउँपालिकाबाट स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्झौताको सीमा भन्दा ढिलो काम गरी विकासमा अवरुद्ध गर्ने उपभोक्ता लगायत सवै निर्माण व्यवसायीलाई कानुनले तोके बमोजिमको दण्ड तथा जरिवाना गर्ने कार्यलाई जोड दिइने छ।

५. ठुला पुर्वाधार निर्माण आयोजनालाई गौरवका आयोजना घोषणा गरी संघ प्रदेशमा माग गरिनेछ।

६. गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ती र वडा केन्द्रलाइ सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ।

७. आवधिक योजना अनुसार सडक निर्माण र विकास कार्यलाई अगा डि बढाइनेछ। सोको लागि आगामी आ.व.मा छुट भएका सडकको डि.पि.आर. तयार गरिने छ।

८. गाउँपालिकाको आर्थिक र रणनितिक महत्वका सडकहरु क्याटो देखि निजाल हुदै गाउँपालिकाको केन्द्र साल्दाङ जोड्ने सडक, सिमेन हुदै कोमास साल्दाङ, धो नाम्दो हुदै भिजेर जोड्ने सडक र साङ्टा छेप्का फोक्सुण्डो हुदै शे गुम्वा जोड्ने पर्यटकिय पदमार्गलाइ स्थानीय गौरवको योजनाको रुपमा विकास गरी निमार्णमा उच्च प्राथमिकता दिइनेछ।

९. मर्मत सम्भार कोष मार्फत गाउँपालिका क्षेत्र भित्रका कमजोर सडकहरुको नियमित मर्मत सम्भार गरिनेछ।

१०. गाउँपालिकाका सवै वडालाई सडक सञ्जालमा जोडिने गरी क्रमागत सडक योजनालाई निरन्तरता दिइनेछ।

११. गाउँपालिका क्षेत्रभित्र सडक लगायतका भौतिक पुर्वाधार निर्माण गर्दा उपभोक्ता समितिबाट निर्माण गरिने कार्यका लागि डोजर लगायतका उपकरण प्रयोग गर्दा दररेटमा एकरुपता कायम

गरीनेछ।

१२. आगामी ६ वर्षभित्र गाउँपालिका क्षेत्रभित्र रहेका खोलाहरुमा निर्मित काठेपुलहरुलाई पूर्णरुपमा विस्थापन गरी ट्रस ब्रिज र झोलुङ्गे पुल निर्माण गर्ने नीति अवलम्बन गरिनेछ। साथै सो कार्यका लागि संघ, प्रदेश तथा अन्य सम्बन्धित संघ संस्थाहरुसँग लागत साझेदारीका लागि पनि पहल गरिनेछ।

**उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)**

१. आगामी ४ वर्ष भित्र गाउँपालिकालाई अन्धकारमुक्त पालिका घोषणा गरिनेछ।

२. शे-फोक्सुण्डो गाउँपालिकालाइ समद्धृ, समुन्नत बनाउन १ मेघावाट सम्मको फोक्सुण्डो साना जलविधुत आयोजना सम्भाव्यता अध्ययन गरी जलविधुत उत्पादनको लागि सम्बन्धित निकायमा पहल गरिनरेछ।

३. निजी तथा सहकारी क्षेत्रलाइ विद्यतु उत्पादनमा आकर्षित गरिनेछ । यस क्षेत्रमा गाउँपालिकावासीको लगानीलाइ प्रोत्साहन गरिनेछ।

४. उज्यालो फोक्सुण्डो अभियाना मार्फत **"हुने छैन कुनै घर खाली सौर्य उर्जाबाट विजुली"** भन्ने विगतको नारालाइ आत्मसाथ गर्दै वैकलपिक उर्जा अन्तर्गत सौर्य उर्जाको मिनि ग्रिड स्थापनाका लागि लागत साझेदारीका आधारमा प्रदेश तथा केन्द्र सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

५. कर्णाली प्रदेश सरकारको उज्यालो अभियान अन्तर्गत सवै सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, गुम्बा र समुदायमा सौर्य उर्जा जडान गर्ने कार्यलाइ प्राथमिकता दिईनेछ।

६. आगामी आर्थिक वर्षभित्र धुँवामुक्त पालिका घोषणा गरिनेछ।

७. आगामी आर्थिक वर्षभित्र यस गाउँपालिका र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको लागत साझेदारीमा पालिकाको वडा नम्बर १ को कोमास गाउँ, वडा नम्बर २ को कराङ गाउँ र मुसी गाउँ, वडा नम्बर ३ को साल्दाङ गाउँ, वडा नम्बर ५ को भिजेर गाउँ र वडा नं. ६ फोत गाउँमा सोलार मिनिग्रिड आयोजना निर्माण गरिनेछ।

८. नविकरणीय उर्जाका नविनतम प्रविधिहरुको प्रयोग गर्ने नीति अवलम्बन गरी पेट्रोलियम उर्जाहरुको प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्ने नीति लिइनेछ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन तर्फ**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, कर्णाली प्रदेश सरकार, र नेपाल सरकार तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ । प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।

५. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ ।

६. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ ।

७. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ ।

८. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्ने कर प्रणाली लागु गरिनेछ ।

## ९. बहुक्षेत्रीय पोषण कार्यक्रम

१. नेपालमा मातृ शिशु तथा किशोरीहरुको पोषण स्थितिमा सुधार ल्याउन र दिर्घ कुपोषणलाई न्यूनीकरण गर्नका लागि नेपाल सरकारको प्रमथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना अन्तर्गत नेपाल सरकार र शे-फोक्सुण्डो गाउँपालिकाको साझेदारीमा विगत वर्षदेखि कार्यान्वयनमा रहेका बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. गाउँपालिका तथा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई अझ बढी सक्रिय बनाई पोषण विशेष तथा पोषण सम्वेदनशील कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । साथै विषयगत शाखाहरुको वार्षिक कार्यक्रममा पोषणसँग सम्बन्धित क्रियाकलापहरु अनिवार्यरुपमा समावेश गरी विपन्न सुनौलो हजार दिनका महिला बालबालिका र किशोरकशोरीहरुको घरपरिवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

३. बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न सङ्घीय प्रादेशिक र स्थानीय तह लगायत विकास साझेदार एवं सरोकारवाला निकायहरुसँग सार्थक समन्वय सहकार्य र साझेदारी गरिनेछ । साथै बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिका लागि विषयगत शाखा क्षेत्र र साझेदारी निकायहरुसँग समन्वय गरी पोषण विशेष र पोषण सम्वेदनशील क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

४. नेपाल सरकारको लक्ष्य अनुरुप सन् २०३० सम्म सबै स्थानीय तहलाई पोषणमैत्री स्थानीय तह घोषण गर्ने लक्ष्य अनुरुप यस शे-फोक्सुण्डो गाउँपालिकाले पनि पोषणमैत्री वडा तथा पालिका घोषणाको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरी सन् २०२५ सम्म पालिकालाई पोषणमैत्री पालिका घोषणा गरिनेछ ।

५. आर्थिक वर्ष २०७९/८० बाट सञ्चालित उपाध्यक्षसँग पोषण कोशेली कार्यक्रम अन्तर्गत **स्वस्थ जीवन र विचारका लागि पोषण–उर्जावान पुस्ता र कुपोषणमुक्त जोवान** भन्ने नारा सहितको कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

## १०. पञ्जीकरण र सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी नीतिहरु

१. समयमै घटना दर्ता गर्नका लागि समुदाय उत्प्रेरित गर्न विभिन्न अभियानहरु सञ्चालन गर्ने नीति लिइनेछ।

२. वडास्तरमा हुने घटना दर्ता कार्यलाई थप व्यवस्थित र प्रविधिमा आधारित बनाउन आवश्यक स्रोतसाधनको व्यवस्था मिलाइनेछ।

३. घटना दर्ताको प्रगति विवरणको नियमित प्रतिवेदन एवं सम्प्रेशनका लागि विशेष जोड दिइनेछ।

४. सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिका बारेमा सबै सरोकारवालाहरुलाई संस्थागत क्षमता अभिवृद्धिका गतिविधिहरु सञ्चालन गरिनेछ।

५. बैङकिङ प्रणाली मार्फत सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ। सामाजिक सुरक्षा कार्यक्रमको नियमित तथ्याङक संकलन, अभिलेखीकरण एवं प्रतिवेदन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

## ११. प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रम सम्बन्धी नीति तथा कार्यक्रम

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७५ ले तोके अनुसार बेरोजगार व्यक्तिहरुको एकिन तथ्याङक संकलन, अभिलेखीकरण र बेरोजगार व्यवस्थापन सूचना प्रणालीमा गर्ने दर्ता गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

२. रोजगारमूलक, स्थानीय स्रोतसाधन तथा सिपको प्रयोग हुने, वातावरणमैत्री आयोजनाहरु छनौट गरी सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सिर्जना गर्ने व्यवस्था मिलाइनेछ।

३. बेरोजगार व्यक्तिहरुलाई काममा आधारित रोजगारमूलक तालिम सञ्चालन गर्न विशेष जोड दिइनेछ।

४. पालिकामा सञ्चालित रोजगारमूलक कार्यक्रमलाई थप प्रभावकारी र परिणाममुखी बनाउन निर्देशक समितिको क्षमता विकास गरी परिचालन गरिनेछ।

## १२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्बन्धी नीतिहरु

१. यस गाउँपालिकामा स्थानीय पूर्वाधारको दिगो सञ्चालन, स्थानीय पूर्वाधार मर्मत संभार, संस्थागत क्षमता अभिवृद्धि तथा प्रणाली सुधारका लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (कर्णाली पाइलट कार्यक्रम) छनौट भई कार्यक्रम सञ्चालन भइरहेकोले विश्व खाद्य कार्यक्रम (WFP),

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवम् कर्णाली प्रदेश सरकारलाइ विशेष धन्यवाद दिदै कर्णाली पाइलट कार्यक्रमको नीति, मापदण्ड, कार्यविधि तथा स्थानीय कानून कार्यविधि बमोजिम स्थानीय पुर्वाधार विकास, संस्थागत क्षमता अभिवृद्धि, जलवायु उत्थानशीलता, श्रममा आधारित र उत्पादनशील स्थानीय पूर्वाधार योजना स्थानीय आवश्यकतामा आधारित आर्थिक र सामाजिक रुपले सिमान्तकृत वर्गको उत्थानका आयोजनाहरुलाई जोड दिइनेछ।

२. आगामी आर्थिक वर्षमा पनि लागत साझेदारीमा आयोजना सञ्चालन गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रमलाई थप निरन्तरता दिइनेछ । सोको लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सह लगानीको लागि आवश्यक छलफल र सम्बाद्ध कार्य गरिनेछ।
३. चालु आर्थिक वर्षमा सञ्चालित ६ वटा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका लागि तर्जुमा गरिएका ४ वटा कार्यविधि र दिग्दर्शनलाई आगामी आर्थिक वर्षमा पालिकाको सबै आयोजनाहरुमा लागु गरिनेछ।
४. पूर्वाधार आयोजनाहरुको पहिचान, प्रथमिकीकरण, छनौट र सञ्चालन गर्दा स्थानीयस्तरमा रोजगार सिर्जना गर्ने, जलवायु उत्थानशीलता एवं विपद् व्यवस्थापनका पक्षहरुलाई विशेष ध्यान दिइनेछ।

**अन्त्यमा,**

प्रस्तुत नीति तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण गाउँसभाका सदस्यहरु, पालिकामा क्रियाशील राजनैतिक दलहरु, पालिकाबासीहरु, कर्मचारीहरु, सञ्चारकर्मी, सुरक्षाकर्मी र संघसंस्थाहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । यस शे-फोक्सुण्डो गाउँ पालिकाको समग्र विकासका लागि विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने सङ्घीय सरकार, कर्णाली प्रदेश सरकार, दातृ निकाय र अन्य सहयोगी संघसंस्थाहरु र निजी क्षेत्र प्रति म गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग, समन्वय र सहकार्य प्राप्त हुनेछ भन्ने पूर्ण विश्वास गर्दछु।

**धन्यवाद।**

**२०८० साल असार ५ गते।**

**धावा सम्डुक**
**गुरुङ**
**अध्यक्ष**
**शे-फोक्सुण्डो गाउँपालिका डोल्पा**